केपिलासगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाक्सिला, खोटाङ

पत्र संख्या : ०७७।०७८ 　　　　　　　　　　१ नं. प्रदेश नेपाल

चलानी नं. : 　　　　　　　　　　मिति : २०७८।०१।२६

## कोरोना भाइरस (COVID-19) को नियन्त्रण, रोकथाम र सतर्कता सम्बन्धी सूचना ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को नयाँ भेरियन्ट नेपालमा पनि तीव्ररुपमा क्रियाशिल भइ फैलिएको पाइएकोले विभिन्न सरोकारवाला निकायहरुबाट भएको परिपत्र तथा निर्देशनको आधारमा मिति २०७८/०१/२६ गते बसेको यस केपिलासगढी गाउँपालिकाको कार्यपालिका बैठकले यस गाउँपालिकाभित्र तत्काल लागु हुने गरी तपशिलका निर्णयहरु गरिएको हुँदा सम्बन्धित सबैले निर्णयको पूर्णरुपमा पालना गर्न गराउन हुन जानकारी गराईन्छ ।

१. साप्ताहिक रुपमा लाग्ने गरेको हटियाहरु पूर्णरुपमा बन्द गर्ने । हटिया लाग्ने बार (बुधबार) यस गाउँपालिका भित्रका सम्पूर्ण पसलहरु पूर्ण रुपमा बन्द गर्ने । अन्य बारहरुमा विहान ७:०० देखि १२:०० बजेसम्म मात्र पसल खोल्ने तर पसल खोल्दा पसलको एउटामात्र ढोका खुला गर्ने साथै पसल बाहिर र पेटीमा सामानहरु नफिजाउने ।

२. गाउँपालिका बाहिरबाट सम्बन्धित निकायमा पास बनाई यस गाउँपालिका भित्र आउन चाहने व्यक्तिहरुले पि.सि.आर. रिपोर्ट अनिवार्य रुपमा लिएर मात्र आउन पाईनेछ । यसरी गाउँपालिका भित्र आएका व्यक्तिहरुले ७२ घण्टाभित्र आफू जुन वडामा आएको हो सो वडाको वडा कार्यालयमा पि.सि.आर. रिपोर्ट अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

३. यस गाउँपालिकाको आइसोलेसन बाक्सिला बुद्धबजारमा रहनेछ ।

४. यातायात व्यवसायीहरुले गाउँपालिका बाहिरबाट आएका सवारी साधन तथा यात्रुको विवरण यस गाउँपालिकाको कार्यालयमा नियमित रुपमा टिपाउनु पर्नेछ ।

...........................

छविलाल राई

प्रमुख प्रशासकीय अधिकृत

e-mail: kepilasmun@gmail.com

website : kepilasgadhimun.gov.np